नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

लेकवेशी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कल्याण, सुर्खेत, कर्णाली प्रदेश



भू-उपयोग योजना, २०८०

Safe Engineering Consultancy Pvt. Ltd.

Scanned with CamScanner

लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याण, दुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

विषय सूची

परिच्छेद १: पृष्ठभूमि १

१.१ भू-उपयोग योजना अद्यावधिक कार्यक्रमको महत्व १

१.२ भू-उपयोग योजना अद्यावधिक कार्यक्रमको उद्धेश्य २

१. ३ भू-उपयोग ऐन २०७६ ..... २

१. ४ भू-उपयोग अद्यावधिकको महत्व ५

परिच्छेद २: परिचय ७

२.१ परिचय ७

२.२ लेकवेशी नगरपालिकाको ऐतिहाँसिक पृष्ठभूमी ७

२.३ नगरपालिकाको नामाकरण ७

२.४ नगरपालिकाको अवस्थिति : (सिमाना) ८

२.५ सिमाना र वडा विभाजन ८

२. ६ जातजाती ११

२.७ वन र जैविक विविधता १४

२. ८ वातावरण १६

२. ९ जनसंख्या वितरण र घनत्व १८

२. १० साक्षरता स्थिति १९

परिच्छेद ३: वर्तमान भू-उपयोग वर्गीकरणको अवस्था २०

३.१ वर्तमान भू-उपयोग सम्बन्धी विवरण २०

३.२ आर्थिक स्थिति २१

३.२. १ कृषि अवस्था २२

३.२.२ फसल जानकारी २२

Safe Engineering Consultancy Pvt Ltd

Scanned with CamScanner

३.२.३ वन क्षेत्र कभरेज.....२३
३.२.४ वाणिज्य क्षेत्र.....२३
३.२.५ सार्वजनिक सेवा क्षेत्र.....२३
३.२.६ उद्योग.....२३
३.२.७ रोजगार / पेशा.....२४
३.३ पूर्वाधार र सेवाहरू.....२५
३.३.१ सडक.....२५
३.३.२ स्वास्थ्य.....२५
३.३.३ पिउने पानी.....२६
३.३.४ बिजुली र उर्जा.....२७
३.३.५ सञ्चार.....२७
३.३.६ शैक्षिक संस्थाहरू.....२८
३.३.७ वित्तीय संस्थाहरु.....२८
३.४ सम्पदा, संस्कृति र पर्यटन.....२८
३.४.१ सम्पदा.....२८
३.४.२ संस्कृति.....२९
३.४.३ पर्यटन.....३०
परिच्छेद ४ : कार्यविधि.....३१
४.१ सन्दर्भ सामाग्रीको अध्ययन.....३१
४.२ प्रारम्भिक कार्यशाला.....३१
४.३ वडागत कार्यशाला तथा तथ्यांक संकलन.....३१
४.४ संकलित तथ्याँकको विश्लेषण तथा भू-उपयोग वर्गीकरण.....३१

Safe Engineering Consultancy Pvt. Ltd.
Shankhamul-34, Kathmandu
Scanned with CamScanner

४.५ प्रतिवेदनको अन्तिम प्रस्तुति ३१

परिच्छेद ५ : अद्यावधिक पश्चात भू-उपयोग क्षेत्र वर्गीकरण ३२

परिच्छेद ६ : निष्कर्ष ३४

अनुसूचीहरु ३५

अनुसूची : १ (लेकवेशी नगरपालिकाको भू-उपयोग मापदण्ड, २०७९) ३५

अनुसूची : २ : (भू-उपयोग नक्सा) ५१

अनुसूची : ३ (माईन्युट्स) ६२

अनुसूची : ५ (फोटोहरु) ७५

Safe Engineering Consultancy Pvt. Ltd.

Scanned with CamScanner

चित्रहरुको सूची

चित्र २.१	:	लेकवेशी नगरपालिकाको अवस्थिति नक्सा
चित्र ३.१	:	लेकवेशी नगरपालिकाको वर्तमान भू-उपयोग नक्सा
चित्र ३.२	:	नापी विभागबाट प्राप्त औद्योगिक जोखिम नक्सा

तालिकाहरुको सूची

तालिका २.१	:	नयाँ संरचना अनुसार लेकवेशी नगरपालिकाको सिमाना र वडा विभाजन
तालिका २.२	:	जातीयताको आधारमा जनसंख्याको विवरण
तालिका २.३	:	लेकवेशी नगरपालिकाको वन क्षेत्र सम्बन्धी विवरण
तालिका २.४	:	लेकवेशी नगरपालिकाको जनसंख्या विवरण
तालिका २.५	:	लेकवेशी नगरपालिकाको विवरण तथा जन घनत्व जनगणना २०६८ अनुसार
तालिका ३.१	:	वर्तमान भू-उपयोग प्रकार त्यसले ओगटेको क्षेत्रफल र त्यसको प्रतिशत
तालिका ३.२	:	लेकवेशी नगरपालिकाका आर्थिक स्थिति
तालिका ३.३	:	कृषि अवस्था
तालिका ३.४	:	सडक सञ्जालको विद्यामान अवस्थाको विवरण
तालिका ३.५	:	नगरपालिकामा स्वास्थ्य सम्बन्धी समस्या
तालिका ३.६	:	नगरपालिकामा स्वास्थ्य सम्बन्धी सेवाहरूको अवस्था
तालिका ३.७	:	पिउने पानीको स्रोतको आधारमा घरधुरी वितरण
तालिका ३.८	:	ऊर्जा स्रोत र यसको प्रयोग
तालिका ३.९	:	शैक्षिक संस्थाहरूको सूची
तालिका ५.१	:	भू-उपयोग क्षेत्र वर्गीकरण पछिको क्षेत्रफल
तालिका ५.२	:	भू-उपयोग क्षेत्र वर्गीकरण पश्चात भू-उपयोग क्षेत्रको वडागत विवरण

Scanned with CamScanner

लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

परिच्छेद १: पृष्ठभूमि २०७३

भूमिको गुण, क्षमता र वनावटको आधारमा त्यसका समूचित उपयोगका लागि नेपाल सरकारले विगत लामो समयदेखि भू-उपयोग सम्बन्धी नीति नियम तथा कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ। यस्ता समग्र भू-उपयोग कार्यक्रमको मुख्य उद्देश्य भनेको जमिनको भौगोलिक स्वरुप, बनौट, गुण, र क्षमताका आधारमा जमिनलाई वर्गीकरण गरी सो अनुरुप भू-उपयोग नक्सा तथा तथ्याङ्क तयार गर्ने हो। नेपालको संविधानले "राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व" अन्तर्गत धारा ५१ ङ (३) मा "किसानको हक हित संरक्षण र सम्वर्द्धन गर्दै कृषिको उत्पादन, तथा उत्पादकत्व बढाउन भू-उपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगीकरण, विविधीकरण, र आधुनिकरण गर्ने" भन्ने कुरा लाई निर्दिष्ट गरेको छ। त्यसैगरी धारा ५१ ङ (४) मा भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा भू-उपयोग नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने भन्ने उल्लेख गरिएको छ। त्यसगरी संविधानको धारा ५७ को उपधारा (१) र धारा १०९ मा भू-उपयोग नीति, वस्ती विकास नीति, पर्यटन नीति र वातावरण अनुकूल नीति लाई संघको अधिकार क्षेत्रभित्र राखिएको छ।

भूमि सम्बन्धी ऐन २०२१ को दफा ५१ ङ बमोजिम भू-उपयोग कार्यक्रम संचालन गर्ने सम्बन्धमा जग्गाको वर्गीकरण गर्दा माटोको प्रकृति, उर्वराशक्ति, भौगोलिक स्थिति, वातावरण तथा जलवायु समेतको आधारमा गरिनेछ भन्ने कुरा उल्लेख गरिएको छ। यसरी भू-उपयोग कार्यक्रम संञ्चालन गर्दा दफा ५१ (च) बमोजिम गठित भू-उपयोग परिषद बाट निर्धारित नीतिको अधिनमा रही तोकिए बमोजिम सञ्चालन गर्नु पर्नेछ भन्ने प्रावधान गरिएको छ। हाल कार्यान्वयनमा रहेको भू-उपयोग ऐन २०७६ को दफा ५ (२) मा मन्त्रालयले प्रत्येक स्थानीय तहको भू-उपयोग नक्सा तयार गर्नु, गराउनु पर्ने र स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने भन्ने कुरा उल्लेख गरिएको छ। यस ऐनको दफा ५ (३) मा त्यसरी तयार गरिएको भू-उपयोग नक्सा लाई स्थानीय भू-उपयोग परिषदले आवश्यकता अनुसार अद्यावधिक गरी लागु गर्नुपर्नेछ भन्ने उल्लेख गरिएको छ। त्यसैगरी, दफा ५ (४) मा स्थानीय तहको आवश्यकता अनुसार भू-उपयोग क्षेत्र नक्सा अद्यावधिक गर्न विभागले आवश्यक सहयोग गर्ने भन्न कुरा उल्लेख गरिएको छ।

१.१ भू-उपयोग योजना अद्यावधिक कार्यक्रमको महत्व

बढ्दो जनसंख्या र अव्यवस्थित शहरीकरणले गर्दा खेतियोग्य जमिनको खण्डिकरण अत्याधिक रुपमा बढ्दै गइरहेको छ। यस किसिमको खेतीयोग्य जग्गाको खण्डिकरण शहरी क्षेत्रमा बढ्दो रुपमा देखिन्छ। दिगो विकास अहिलेको आवश्यकता भएकोले खेतीयोग्य जग्गाको संरक्षण गरी उत्पादन बढाउनु आजको आवश्यकता हो। अर्को शब्दमा भन्नुपर्दा खाद्य सुरक्षा अहिलेको प्रमुख आवश्यकता हो। यस आवश्यकतालाई सम्बोधन गर्ने पहिलो खुडकिला भनेको खेतीयोग्य जमिनको संरक्षण गर्नु हो। खेतीयोग्य जमिनलाई थप खण्डिकरण हुन बाट जोगाउन कम्तिमा कृषि क्षेत्रको पहिचान गरी त्यसलाई थप खण्डिकरण हुन बाट बचाउनु पर्दछ। त्यस अनुरुप यस अद्यावधिक कार्यक्रम अगाडी बढाइएको छ।

यस सन्दर्भमा भू-उपयोग ऐन २०७६ ले समग्र जमिनको प्रयोगलाई १० क्षेत्रमा वर्गीकरण गर्नु भनेर निर्दिष्ट गरेको छ। त्यस अनुरुप नापी विभागले देशभरीको सम्पूर्ण नगरपालिका तथा गाउँपालिकाहरुको भू-उपयोग नक्सा तयार गरी स्थानीय तहहरु लाई हस्तान्तरण गरिसकेको अवस्था छ। यसरी तयार पारेको भू-उपयोग नक्सालाई तत्काल लागू गर्ने भनेर भू-उपयोग नियमावली २०७९ ले स्थानीय तहलाई निर्दिष्ट गरेको छ। यदि नापी विभागले प्रदान गरेको भू-उपयोग नक्सामा परिवर्तित भू-उपयोग र स्थानीय आवश्यकतालाई सम्बोधन गर्नुपर्ने भएमा स्थानीय तहले अद्यावधिक गर्न पाउने भन्ने कुरा भू-उपयोग नियमावली २०७९ मा उल्लेख छ।

नापी विभागद्धारा तयार गरिएका भू-उपयोग नक्सा २०७४/७५ तयार गरिएको र यस अवधिमा लेकवेशी नगरपालिकाको भू-उपयोगमा धेरै परिवर्तन आइसकेकोले लेकवेशी नगरपालिकाले यस "भू-उपयोग नक्सा अद्यावधिक योजना" को आवश्यकता महसुस गरी यस कार्यक्रमलाई अगाडी बढाएको छ। समयपरक नक्सा तयार गरी भूमिको समुचित प्रयोग गर्न यस भू-उपयोग अद्यावधिक कार्यक्रमको अत्याधिक महत्व रहेको छ।

Safe Engineering Consultancy Pvt. Ltd.
Shankhamul-34, Kathmandu
Scanned with CamScanner

१.२ भू-उपयोग योजना अद्यावधिक कार्यक्रमको उद्धेश्य

यस भू-उपयोग योजना अद्यावधिक कार्यक्रमको उद्धेश्य यस प्रकार रहेको छ।

१. भू-उपयोग वर्गीकरण सम्बन्धमा स्थानीय बासिन्दासँग सल्लाह सुझाव लिनु।
२. कानुनी प्रावधान र स्थानीय आवश्यकता अनुसार भू-उपयोग क्षेत्र अद्यावधिक गर्नु।
३. अद्यावधिक गरिएको भू-उपयोग नक्सा लाई कित्तानक्सा संग एकीकृत गर्नु।

१. ३ भू-उपयोग ऐन २०७६

भू-उपयोग ऐन २०७६ ले नेपालको भूबनौट, क्षमता, उपयुक्तता, मौजुदा उपयोग र आवश्यकता समेतका आधारमा भूमिलाई देहाय बमोजिम दश क्षेत्रमा वर्गीकरण गर्ने भनि उल्लेख गरिएको छ।

१. कृषि क्षेत्र
२. आवासीय क्षेत्र
३. व्यवसायिक क्षेत्र
४. औद्योगिक क्षेत्र
५. खानी तथा खनिज क्षेत्र
६. वन क्षेत्र
७. नदी, खोला, ताल, तथा सिमसार क्षेत्र
८. सार्वजनिक क्षेत्र
९. सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र
१०. नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र।

भू-उपयोग ऐन २०७६ अनुसार भू-उपयोग क्षेत्र वर्गीकरण गर्नका लागि भू-उपयोग नियमावली २०७९ अनुसूची १ मा उल्लेख गरिएको भू-उपयोग क्षेत्र वर्गीकरणका आधार तथा मापदण्ड निम्नलिखित रहेका छन्।

<u>कृषि क्षेत्र देहाय बमोजिम प्रयोग भएका जग्गालाई कृषि क्षेत्रमा वर्गीकरण गरिनेछ।</u>

क) अन्नवाली, दलहन, तेलहन वा अन्य नगदेवाली लगायत खेतीपातीको लागि उपयोग भइरहेको जग्गा।

ख) फलफूलका बगैंचा वा नर्सरी, तरकारी, सागपात, व्यवसायिक फूलको खेती, सोको नर्सरी लगायतको जग्गा।

ग) पशुपंक्षी पालन वा पशुपंक्षीको आहाराको लागि प्रयोग हुने दाना, घाँस वा वनस्पति उत्पादन लगायतको लागि उपयोग भएको जग्गा।

घ) सरकारी र सार्वजनिक वन क्षेत्र बाहेकका आवादी क्षेत्रभित्र भएका खरबारी, घाँसे मैदान, चरन क्षेत्र तथा रुख वा झाडी भएका जग्गा।

ङ) निजी जग्गामा वन पैदावार वा जडीबुटी उत्पादन गर्ने उदेश्यले हुर्काएका वनस्पति वा जडीबुटी भएको जग्गा।

च) निजी वा सरकारी जग्गामा पोखरी बनाई माछापालन गरिएको जग्गा।

छ) कृषि उत्पादन भण्डारण तथा प्रशोधन गर्नका लागि प्रयोग भएको घर टहरा भएको जग्गा।

Safe Engineering Consultancy Pvt. Ltd.
Scanned with CamScanner

ज) खनजोत गरी खेती लगाउन तयार गरिएको जग्गा वा खेती लगाउन उपयुक्त हुन सकिने आवाद लायक पर्ती वा बाँझो जग्गा ।

झ) अन्य प्रयोग क्षेत्र सँग जोडीएका भएता पनि कित्ताको क्षेत्रफल पाँच हजार वर्गमिटर (करिब १० रोपनी) भन्दा बढी भइ खेती गरिएको वा पर्ती बाँझो जग्गा ।

ञ) एकै स्थानमा विभिन्न कित्ताहरु जोडिएर एक हेक्टर वा सो भन्दा बढी क्षेत्रफलमा खेती गरिएका वा खनजोत गरिएका पर्ती वा बाँझो खेतीयोग्य जग्गा ।

आवासीय क्षेत्र देहाय बमोजिम प्रयोग भएका जग्गा लाई आवासीय क्षेत्रमा वर्गीकरण गरिनेछ ।

क) कृषि उपजको रेखदेख, भण्डारण तथा प्रशोधन, पशुपालन उद्योग कलकारखाना संचालन बाहेक नागरिक आवासको रुपमा प्रयोग भएका भवन घर, टहरा भएका जग्गा ।

ख) व्यक्तिगत घर र सोसँग जोडिएका बगैंचा, ग्यारेज, आँगन, र सो प्रयोजनको लागि प्रयोग हुने व्यक्तिगत बाटो आदि रहेको जग्गा ।

ग) एक भन्दा धेरै घरपरिवार बस्ने विकसित अपार्टमेन्ट र यस प्रयोजनका लागि छुटयाइएका बाटो सामूहिक पार्किङ्ग स्थल, बगैंचा, चौर, मनोरञ्जन स्थल रहेको जग्गा ।

घ) ग्रामिण क्षेत्रमा बनेका घर, आँगन, चौक, घरसँगै रहेको गोठ, चर्पी, करेसावारी, बगैंचा लगायतको जग्गा ।

ङ) बसोवासका लागि आवश्यक आधारभूत भौतिक पूर्वाधार, सडक, विद्युत, खानेपानी वा ढल निकास लगायतको व्यवस्था भएका क्षेत्रमा रहेका एक हजार वर्गमिटर भन्दा साना कित्तामा रहेका जग्गा ।

च) बसोवास क्षेत्रमा उपयोग गर्न आवश्यक न्यूनतम पूर्वाधारका विकास भएको कित्ता जग्गा रहेका ठाउँबाट एक सय मिटरको अर्धव्यास क्षेत्रमा एक सय पचास एकात्मक परिवार आवास इकाइ वा दश भन्दा बढी संयुक्त परिवार आवास इकाइ भएका जग्गा ।

व्यवसायिक क्षेत्र देहाय बमोजिम प्रयोग भएको जग्गा लाई व्यवसायिक क्षेत्रमा वर्गीकरण गरिनेछ ।

क) सामूहिक रुपमा वस्तुका खरिद बिक्री हुने स्थल वा त्यस प्रयोजनको लागि छुटयाइएका जग्गा ।

ख) विभिन्न किसिमका व्यवसायिक र मनोरञ्जनस्थल रहेको क्षेत्र तथा सो प्रयोजनका लागि उपयोग भएका घर वा सो प्रयोजनका लागि छुटयाइएका जग्गा ।

ग) निजी क्षेत्रबाट संचालन गरिएका शिक्षा, स्वास्थ्य, सञ्चार लगायत सेवा उपलब्ध गराउने स्थल वा सोको लागि प्रयोग भएका घर र घरले ओगटेको जग्गा ।

घ) कुनै वस्तु तथा यन्त्रको मर्मत सम्भार वा सफा गरिने स्थल वा भण्डारण गरिने स्थल वा सो प्रयोजनका लागि प्रयोग भएका घर र घरले ओगटेको जग्गा ।

ङ) कुनै व्यवसायिक क्रियाकलाप सञ्चालन नभए तापनि सोको पूर्वाधार समेत उपलब्ध भएको । सो घर वा जग्गा रहेको स्थानबाट एकसय मिटरको अर्धव्यासमा करिब पचास व्यवसायिक कारोवार रहेका स्थल, सोको लागि प्रयोग भएका घर र तिनल ओगटेको जग्गा ।

च) सरकारी तथा निजी क्षेत्रले सेवा प्रदान गर्न स्थापना गरेको कार्यालय र त्यसले चर्चेका जग्गा वा भविष्यमा निर्माणका लागि छुटयाइएका जग्गा ।

छ) पर्यटकीय गतिविधीमा उपयोग भइरहेको क्षेत्रले ओगटेको जग्गा ।

Safe Engineering Consultancy Pvt. Ltd.
Scanned with CamScanner

औद्योगिक क्षेत्र देहाय बमोजिम प्रयोग भएका जग्गा लाई औद्योगिक क्षेत्रमा वर्गीकरण गरिनेछ।

क) कच्चापदार्थ उत्पादन गर्ने उद्योग वा वर्कशप रहेको स्थल, घर टहरा, तथा उद्योग सञ्चालनमा प्रयोग भएका जग्गा।

ख) खाद्यान्न प्रशोधन, पेय पदार्थ उत्पादन तथा प्रशोधन स्थल तथा सो प्रयोजनका लागि छुटयाइएका जग्गा।

ग) मेसिनरी औजार, यन्त्र उपकरण, सवारी साधन निर्माणस्थल तथा सोको लागि छुटयाइएका जग्गा।

घ) कपडा तथा पोशाक उत्पादन स्थल, सजावट निर्माण सामाग्री, काठजन्य उद्योग लगायत सञ्चालनमा रहेको स्थल तथा सो प्रयोगको लागि छुटयाइएका जग्गा।

ङ) सजावट सामाग्री, निर्माण सामाग्री, काठजन्य उद्योग लगायत सन्चालनमा रहेको स्थल तथा सो प्रोयोजनको लागि छुट्याइएको जग्गा।

च) कुनै उद्योग संचालन तथा रेखदेख गर्न आवश्यक घर टहरा तथा वर्कशपले ओगटेको जग्गा तथा कच्चा पदार्थ भण्डारण गर्न उपयोग गरिएको जग्गा।

छ) उद्योग बाट उत्पादित फोहोर विसर्जन गर्ने प्रयोजनका लागि प्रयोग भएको जग्गा।

ज) नेपाल सरकारले घोषणा गरेको औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र लगायत सो क्षेत्रले ओगटेको जग्गा।

खानी तथा खनिज क्षेत्र देहाय बमोजिम प्रयोग भएको जग्गा लाई खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गरिनेछ।

क) जमिनका सतहमा (ढुङ्गा, गिटटी, बालुवा समेत) वा जमिन मुनि (फलाम, जस्ता, तामा, लगायतका) विभिन्न किसिमका खानी भएका क्षेत्र।

ख) जमिन मुनि विभिन्न किसिमका खनिज पदार्थ (पेट्रोलियम पदार्थ, ग्याँस, सुन, चाँदी वा अन्य बहुमुल्य धातु) फेला परेको क्षेत्र।

ग) खानी वा खनिज पदार्थ उत्खनन भइरहेको वा भइसकेको र हाल खाली रहेका वा फेला परेको क्षेत्र।

वन क्षेत्र देहाय बमोजिम प्रयोग भएका जग्गा लाई वन क्षेत्रमा वर्गीकरण गरिनेछ।

क) पूर्ण वा आँशिक रुपमा रुख तथा वनस्पतिले ढाकिएको जग्गा।

ख) सरकारी, सामुदायिक, कबुलियती, धार्मिक लगायत सबै प्रकारका वन जङ्गल भएको जग्गा।

ग) रुख तथा वनस्पति वृक्षारोपण गरिएको सरकारी वा सार्वजनिक जग्गा।

घ) रुख तथा वनस्पति नभएको भए तापनि अन्य प्रयोजनका रुपमा वर्गीकरण नभएका झाडी, बुटयान आदि भएका जग्गा।

ङ) प्राकृतिक चरन, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, मध्यवती क्षेत्र तथा संरक्षित क्षेत्र रहेको जग्गा।

च) पानीको मुहानलाई संरक्षण गर्न हुर्काइएका वा जोगाइएका रुख तथा वनस्पतिले ढाकेका सरकारी वा सार्वजनिक जग्गा।

छ) नदी उकासबाट प्राप्त गरी निजी जग्गा बाहेकका वनक्षेत्रका लागि तोकिएका जग्गा।

ज) प्रचलित वन सम्बन्धी कानून बमोजिम वन क्षेत्र भित्रको जग्गा।

Safe Engineering Consultancy Pvt. Ltd.
Shankhamul-34, Kathmandu
Scanned with CamScanner

खोला, नदी, ताल, सिमसार क्षेत्र देहाय बमोजिम प्रयोग भएको जग्गा लाई खोला, नदी, ताल, सिमसार क्षेत्रमा वर्गीकरण गरिनेछ।

क) नदी, खोला, तथा सोका जलप्रवाहका क्षेत्र, किनारा डील र बगर क्षेत्र समेत।
ख) नहर तथा सोको डिल।
ग) प्राकृतिक ताल, पोखरी तथा सोका डिल।
घ) साविकको नदी वा खोला बगेको र हाल नदी, खोला उकास भइ बगर वा ढुङ्ग्यान कायम भएको क्षेत्र।
ङ) बग्ने पानी नभए पनि पानी जमेको वा जम्ने सम्भावना भएको सिमसार वा रामसार क्षेत्र।

सार्वजनिक उपयोगका क्षेत्र देहाय बमोजिम प्रयोग भएको जग्गालाई सार्वजनिक उपयोगका क्षेत्रमा वर्गीकरण गरिनेछ।

क) विभिन्न किसिमका यातायात पूर्वाधार (जस्तै बन्दरगाह, बसपार्क, कारपार्क, सडक पेटी, सडक, बाटा रेल्वे, पुल, विमानस्थल समेत) सार्वजनिक रुपमा उपयोग हुने क्षेत्रले ओगटेको जग्गा।
ख) शहरी क्षेत्रका खुला हरित क्षेत्र, बगैंचा, पार्क, चिडियाखाना, पिकनिक स्पट, खेल पूर्वाधार तथा मैदान लगायत रहेको सार्वजनिक स्थल।
ग) सार्वजनिक आवागमन हुने प्राकृतिक वा मानव निर्मित सम्पदा वा पूर्वाधार रहेको स्थल र सोले ओगटेको जग्गा।
घ) सार्वजनिक रुपमा उपयोग हुने मनोरञ्जन स्थल, चौर, फाँट, चौतारा, टुँडीखेल, हाटबजार लाग्ने स्थान, अन्त्येष्टि स्थल, फोहोर व्यवस्थापन स्थल लगायत सो ले चर्चेको जग्गा।
ङ) सरकारी, सार्वजनिक र सामुदायिक विद्यालय, विश्वविद्यालय, लगायत शिक्षण संस्थाले चर्चेका जग्गा।

साँस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्र देहाय बमोजिम प्रयोग भएको जग्गा लाई साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रमा वर्गीकरण गरिनेछ।

क) विभिन्न समुदायले धार्मिक, साँस्कृतिक, वा परम्परागत रुपमा पूजा, अर्चना वा उपासना गर्ने स्थल।
ख) विश्वसम्पदा सूचीमा रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक क्षेत्र।
ग) विभिन्न ऐतिहासिक दरबार, भवन, किल्ला, गढी, स्तम्भ लगायतका ढाँचा, निर्माण वा अन्य स्थल।
घ) नेपाल सरकारले पुरातात्विक महत्वको भनी परिभाषित गरेको वा संरक्षण गर्ने भनी तोकेका क्षेत्र।

नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र देहाय बमोजिम प्रयोग भएका जग्गा लाई अन्य क्षेत्रमा वर्गीकरण गरिनेछ।

क) खण्ड (१) देखि (९) सम्म उल्लिखित क्षेत्रभित्र नपर्ने विशिष्ट किसिमका भू-उपयोग क्षेत्र।
ख) स्थानीय आवश्यकता अनुसार छुटयाउनु पर्ने अन्य कुनै भू-उपयोग क्षेत्र।

१. ४ भू-उपयोग अद्यावधिकको महत्व

भूमिको विशेषता र हाल प्रयोग भएको अवस्थाको आधारमा भूमिको वर्गीकरण र त्यसका समयसापेक्ष अद्यावधिक गर्दा समग्रमा भूमिको समुचित उपयोग गर्न मद्धत पुग्दछ। यस प्रकार भूमिको वर्गीकरण गरिनुको प्रमुख उद्देश्य भनेको कृषिभूमिको संरक्षण गर्दै खाद्य सुरक्षाका ग्यारेन्टी गर्नु तथा व्यवस्थित शहरीकरण गर्नु रहेको छ। यसको अलावा भू-उपयोग अद्यावधिक गरिसके पश्चात संघीय सरकारलाई सम्बन्धित विषयमा बजेट विनियोजन गर्न सहयोग पुग्नेछ। हाल विभिन्न तहको सरकार मार्फत कृषकहरुलाई आर्थिक

Safe Engineering Consultancy Pvt. Ltd.
Scanned with CamScanner

सहयोग हुदै आइरहेको परिप्रेक्षमा यस भू-उपयोग वर्गीकरण र अद्यावधि गरिसके पश्चात सरकारबाट प्राप्त हुने सहयोग अझ बढने र थप कार्यक्रमहरु आउन सक्न अनुमान गर्न सकिन्छ । अर्कोतर्फ निश्चित आवासिय क्षेत्र तोकिदा आधारभूत भौतिक सुविधा जस्तै सडक, ढल, विजुली, खानेपानी लगायतका सुविधा विकास गर्न निश्चित रुपमा सहयोग पुग्ने देखिन्छ ।

Safe Engineering Consultancy

Scanned with CamScanner

लेकवेशी नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

परिच्छेद २: परिचय

२.१ परिचय

नेपाल सरकारको वि.सं. २०७३ फागुन २७ गतेको निर्णयानुसार साविकका ५ वटा गाविसहरु लेखफर्सा, दशरथपुर, नेटा, कल्याण र साटाखानी लाई एक आपसमा मिलाइ १० वटा वडामा विभाजन गरी यो लेकवेशी नगरपालिकाको संरचना तयार पारिएको हो। कुल १८०.९२ वर्ग कि.मी. क्षेत्रफमा फैलिएको यो नगरपालिका सुर्खेतका ९ वटा स्थानीय तहहरु मध्य क्षेत्रफलका हिसाबले दोस्रो सानो स्थानीय तहमा पर्दछ। कर्णाली प्रदेशको प्रादेशिक राजधानी वीरेन्द्रनगरको पूर्वी सिमाना सँगै सिमाना जोडिएको यो नगरपालिका भेरी नदीको किनारमा अवस्थित दुन, टार, चुरे र महाभारत श्रेणीमा पर्ने रमणीय वातावरणमा रहेको सुन्दर नगरपालिकामा थोरै साधन र स्रोतको लगानीबाट नगरपालिकाको सामाजिक, आर्थिक र भौतिक पूर्वाधारका क्षेत्रमा विकास हुन सक्ने सम्भावना रहेको छ। भौगोलिक हिसाबले विकट र विकासको हिसाबले विकासोन्मुख अवस्थामा यो नगरपालिका रहेको छ। २०७८ सालको जनगणना अनुसार कुल ३१ हजार ७ सय १० जनसंख्या रहेको यो नगरपालिका भित्र विभिन्न जातजतिहरूको बसोबास रहेको छ। कुल जमिनको ५४ प्रतिशत भूभाग वन जङ्गलले ढाकेको यस नगरपालिका भित्र प्रशस्त खोलानाला तथा भेरी नदी पनि रहेको छ।

२.२ लेकवेशी नगरपालिकाको ऐतिहाँसिक पृष्ठभूमी

सुर्खेत जिल्लाको सदरमुकाम वीरेन्द्रनगरको पूर्वी सिमाना सँगै सिमाना जोडिएको लेकवेशी नगरपालिका साविकका ५ वटा गाविसहरू लेखफर्सा, दशरथपुरा नेटा, कल्याण र साटाखानी एकआपसमा गाभिएर मिति २०७३ फाल्गुण २७ गतेदेखि लेकवेशी नगरपालिका बनेको हो। यस नगरपालिकाको २०७८ सालको राष्ट्रिय जनगणना अनुसार कुल जनसंख्या ३१ हजार ७ सय १० जना रहेकोमा १४ हजार ८ सय ७७ जना पुरुष र १६ हजार ८ सय ३३ जना महिला रहेका छन् भने क्षेत्रफल करिब १८०.९२ वर्ग कि मि रहेको छ । यस क्षेत्रमा पर्यटन, कृषि पशुपालनको उच्च सम्भावना रहेको छ । जातीय रुपमा मिश्रित बसोबास रहेको यस नगरपालिकामा जनजातिहरूको बाहुल्यता रहेको छ। विशेष गरि ब्राह्मण, क्षेत्री, मगर, दलितहरूको उच्च बसोबास रहेको देखिन्छ। यस क्षेत्रका समुदायले नेपाली भाषालाई मातृभाषाको रुपमा प्रयोग गरेको पाईन्छ। यस क्षेत्रमा खेतीयोग्य जमिनका अतिरिक्त केही भूभाग भिरालो जमिनले बनेको हुदाँ यस क्षेत्रका मानिसहरू जीविकोपार्जनका लागि कृषिका अतिरिक्त ज्यालामजदुरी काम गर्नका लागि भारत लगायत अन्य देशहरूमा जाने गरेको देखिन्छ। मुख्य गरि वनजंगल, वनपैदावार र कृषि उत्पादनलाई मुख्य आम्दानीको स्रोत मानिने यस नगरपालिकाको बावियाचौर बजारलाई मुख्य व्यापारीक केन्द्र बनाई प्राकृतिक, नदीजन्य उत्पादन र तरकारी निर्यातका लागि प्रसिद्ध मानिदै आएको छ। नगरपालिका वडा नं. ८ मा रहेको भोटेको दरबार सुर्खेत जिल्ला सहित आसपासका अन्य जिल्लाहरूको केही भूभागहरू दृश्यावलोकन गर्न सकिन्छ। यस क्षेत्रमा विभिन्न महत्व बोकेका धार्मिक, सांस्कृतिक तथा प्राकृतिक महत्व बोकेका खाँडदेवि मन्दिर, देवीडाँडा मन्दिर र भेरी नदी जस्ता अन्य दर्जनौँ सम्पदाहरू रहेका छन्। साविकका ५ वटा गाविसहका ४५ वटा वडाहरु लाई पुनसंरचना गरी यस नगरपालिकामा १० वटा वडाहरु बनेको छन्। साविकको कल्याण गाविस तथा हालको वडा नं. ६ सबै वडाहरुको लागि भौगोलिक रुपमा बिचको केन्द्र पर्ने भएकोले नगरपालिकाको मुख्य केन्द्र वडा नं. ६ कल्याणमा स्थापना गरिएको छ। राज्यको विकेन्द्रीकृत शासनप्रणाली तथा स्थानीय जनचाहना र आवश्यकताको सम्बोधन गर्ने हेतुले यस नगरपालिकाले सरकारी निकायका बिभिन्न विषयगत कार्यालयहरू र गैरसरकारी संघ संस्थाहरूसँग समन्वय गरि कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छ।

२.३ नगरपालिकाको नामाकरण

नेपाल सरकारको वि.सं. २०७३ फागुन २७ गतेको निर्णय अनुसार साविकका ५ वटा गाविसहरू लेखफर्सा, दशरथपुर, नेटा, कल्याण र साटाखानी लाई एक आपसमा गाभेर १० वटा वडामा विभाजन गरी यो लेकवेशी नगरपालिकाको संरचना तयार पारिएको हो। नगरपालिका गठन हुनु पूर्व साविकका ५ वटा गाविसहरू मिलाएर एउटा स्थानीय तह बनाउने निर्क्योल भइसकेपछि यसको वडागत सीमाङ्कन र नामाङ्कनको विषयमा स्थानीय स्तरमा यस क्षेत्रका राजनीतिक दल, बुद्धिजीवी, शिक्षक, समाजसेवी, जेष्ठ नागरिक

Safe Engineering Consultancy
Scanned with CamScanner

आदीका बीचमा व्यापक छलफल तथा बहसहरू भए । सीमाङ्कनका विषयमा सरकारले जनसंख्या र भूगोलको मापदण्ड तोकिएकोले सोही बमोजिम नै वडा संख्या र तिनको सिमा निर्धारण गरियो । त्यसपछि यस नगरपालिका नामाकरण सम्बन्धमा यस क्षेत्रका विज्ञ तथा स्थानीयवासीहरूको भेलामा सबैले आ आफ्नो राय सल्लाह तथा सुझावहरू पेश गरेका थिए । कसैले- सिद्धेढुङ्गा कसैले कल्याणपुर त कसैले दशरथपुर जस्ता विभिन्न नामहरू प्रस्ताव गरे । यस क्षेत्रका माओवादी केन्द्रका नेता खड्ग घर्तिले यस नगरपालिकाको लेक तथा चुचुराहरूको क्षेत्र साविकको लेखफर्सा, नेटा तथा साटाखानी र धान र गहुँ उत्पादन हुने बेशी क्षेत्र लेखफर्साकै दक्षिण भेग, दशरथपुर, कल्याण र साटाखानीको दक्षिण भेग सबै क्षेत्रको भौगोलिक अस्तित्व कायम हुने खालको लेकवेशी नाम प्रस्ताव गर्नुभयो । लामो छलफल तथा विश्लेषण पछि नगरपालिकाको लेक र वेशी सबै भूभागको सम्बोधन हुने लेकवेशी नाम नै उपयुक्त नाम देखाएकोले सबै पक्षबाट लेकवेशी नाम पारित गरियो र यस नगरपालिकाको नाम लेकवेशी रहन पुग्यो ।

२.४ नगरपालिकाको अवस्थिति : (सिमाना)

सुर्खेतका ९ वटा स्थानीय तहहरू मध्य क्षेत्रफलका हिसाबले दोस्रो सानो नगरपालिका एवम् तेस्रो सानो स्थानीय तह अर्न्तगत यो लेकवेशी नगरपालिका पर्दछ । विश्व मानचित्रमा यसको फैलावट २८ डिग्री २८ मिनेट उत्तर देखि २८ डिग्रि ३३ मिनेट उत्तरी अक्षांसम्म र ८१ डिग्री ४६ मिनेट पुर्व देखि देखि ८१ डिग्री ५० मिनेट पूर्वी देशान्तरसम्म रहेको छ । समुद्री सतहबाट ४६८ मिटर देखि १७०० मिटर सम्मको उचाइमा रहेको यस नगरपालिकाको क्षेत्रफल १८०.९२ वर्ग किलोमिटर रहेको छ । जिल्ला सदरमुकाम वीरेन्द्रनगर नगरपालिकाबाट १ देखि १० कोषको दूरी सम्ममा यो नगरपालिकाका वडाहरु फैलिएका छन् । यस नगरपालिकाको पूर्वमा गुर्भाकोट नगरपालिका, दक्षिणमा भेरी नदि तथा भेरिगंगा नगरपालिका, उत्तरतर्फ चिङ्गाड गाउँपालिका र पश्चिममा वीरेन्द्रनगर नगरपालिका रहेको छ । दक्षिण भेगमा भेरी नदीदेखि छिमेकी नगरपालिका भेरीगङ्गा सँग, पश्चिममा झुप्रा खोलाले वीरेन्द्रनगर नगरपालिका सँग, उत्तरमा पहाड तथा डाँडाकाँडाहरूले चिङ्गाड गाउँपालिकासँग र पूर्वमा खहरे खोलाले गुर्भाकोट नगरपालिका सँग सिमाना छुट्टाएको छ, जुन निम्न अनुसार रहेको छ ।

सिमाना

पूर्वमा : गुर्भाकोट नगरपालिका
पश्चिममा : वीरेन्द्रनगर नगरपालिका
उत्तरमा : चिंगाड गाउँपालिका
दक्षिणमा : भेरी नदी र भेरीगङ्गा नगरपालिका

२.५ सिमाना र वडा विभाजन

यस लेकवेशी नगरपालिका अन्तर्गत हाल कायम गरिएका वडा र त्यस अन्तर्गत रहेका साविकका गाविस तथा वडाहरूको विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

Safe Engineering Consultancy Pvt. Ltd
Scanned with CamScanner

लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

तालिका २.१ : नयाँ संरचना अनुसार लेकवेशी नगरपालिकाको सिमाना र वडा विभाजन

वडा नं	साविकका गाविस	साविकका वडाहरु	क्षेत्रफल(वर्ग कि.मि.)
१	लेखफर्सा	५-८	११.४३
२	लेखफर्सा	१-४,९	१६.१५
३	दशरथपुर	१-४	११.१८
४	दशरथपुर	५-९	१०.३२
५	नेटा	१-९	३३.७६
६	कल्याण	१-५	१९.७५
७	कल्याण	६-९	१७.७५
८	साटाखानी	८-९	१८.३८
९	साटाखानी	५-७	१८.९४
१०	साटाखानी	१-४	२३.२६
कुल जम्मा			१८०.९२

श्रोत : लेकवेशी नगरपालिकाको वस्तुगत विवरण २०७४

Safe Engineering Consultancy Pvt. Ltd.
Shankhamul-34, Kathmandu

Scanned with CamScanner



चित्र २.१ : लेकवेशी नगरपालिकाको अवस्थिति नक्सा

Safe Engineering Consultancy
Scanned with CamScanner

२. ६ जातजाती

लेकवेशी नगरपालिका विभिन्न जातजाति र जनजाति भएको नगरपालिका हो। यस पालिकामा अधिकांश जनसंख्या ब्राह्मण, क्षेत्री, दलित र अन्य छन। साथै जातजाति र जनजातिका समूहहरू सबै वडाहरूमा असमान रूपमा छरिएका छन। जनजातिहरूको बाहुल्यता रहेको यस नगरपालिकाको जातजाति सम्बन्धी राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदनबाट प्राप्त तथ्याङ्क अनुसार पहाडी ब्राह्मण, क्षेत्री, मगर, कामी, ठकुरी, सन्यासी जाती तथा पहाडी जनजातिहरूको बाहुल्यता रहेको पाइन्छ। यस सम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २.२ : जातीयताको आधारमा जनसंख्याको विवरण

वडा नं	साविक गाविस	जातजाति	जम्मा	पुरुष	महिला
१,२	लेख फर्सा	जम्मा	५८२३	२६७३	३१५०
		क्षेत्रि	४४५	२१४	२३१
		बाहुन	६७१	२९७	३७४
		मगर	२३७५	११३१	१२४४
		कामी	१७२३	७५४	९६९
		गुरुङ	१७७	७५	१०२
		दमाई	१७१	८०	९१
		ठकुरी	२३	१०	१३
		सन्याशी	१८	८	१०
		माझी	१२४	६०	६४
		थामी	५८	२७	३१
		अन्य	३८	१७	२१
२,३	दशरथपुर	जम्मा	५३४७	२४२२	२९२५
		क्षेत्रि	२०७२	९२४	११४८
		बाहुन	४६४	१९९	२६५
		मगर	१३५१	६३५	७१६
		थारु	१३	५	८
		नेवार	२१	१३	८
		कामी	१०२२	४७०	५५२
		गुरुङ	११	५	६

Safe Engineering Consultancy Pvt. Ltd.
Scanned with CamScanner

वडा नं	साविक गाविस	जातजाति	जम्मा	पुरुष	महिला
		दमाई	१९२	९४	९८
		ठकुरी	१५६	६१	९५
		सन्याशी	१४	५	९
		बादी	२४	१०	१४
		अन्य	७	१	६
४,५	नेटा	जम्मा	३५६७	१७८०	१७८७
		क्षेत्रि	४७९	२३३	२४६
		बाहुन	८६	३९	४७
		मगर	२४९३	१२६४	१२२९
		कामी	२६९	१३२	१३७
		दमाई	७३	३९	३४
		ठकुरी	८३	३४	४९
		सार्की	१४	७	७
		सन्याशी	३९	१९	२०
		अन्य	३१	१३	१८
६,७	कल्याण	जम्मा	६३०७	२८९२	३४१५
		क्षेत्रि	१२५५	५८८	६६७
		बाहुन	२२६	१०७	११९
		मगर	३४८९	१६११	१८७८
		कामी	५४७	२४९	२९८
		गुरुङ	१०२	४४	५८
		दमाई	२१६	९१	१२५
		ठकुरी	४०	१४	२६
		सार्की	२४४	११०	१३४
		बादी	७२	३०	४२
		राजी	२५	११	१४

Safe Engineering Consultancy Pvt. Ltd.

Scanned with CamScanner

वडा नं	साविक गाविस	जातजाति	जम्मा	पुरुष	महिला
		अन्य	२५	१०	१४
		दलित अन्य	५४	२३	३१
		तराई अन्य	१२	४	८
८,९,१०	साटाखानी	जम्मा जातजाति	९२५१	४३५५	४८९३
		क्षेत्रि	११००	५३०	५७०
		बाहुन	१७२८	७८९	९३९
		मगर	४४१९	२०९९	२३२०
		कामी	९६७	४४७	५२०
		गुरुङ	९३	४४	४९
		दमाई	३७६	१८५	१९१
		ठकुरी	१२३	४३	८०
		सार्की	१३४	७१	६३
		सन्याशी	५९	२९	३०
		छन्त्याल	१४१	६७	७४
		गाइने	१८	११	७
		बादी	६६	३०	३६
		अन्य	१५	६	९
		तराई अन्य	१२	४	८
कुल जातिगत जनसंख्या			३०२९५	१४१२२	१६१७३

श्रोत : लेकवेशी नगरपालिकाको वस्तुगत विवरण २०७४

Safe Engineering Consultancy Pvt. Ltd.
Shankhamul-14, Kathmandu
Scanned with CamScanner

२.७ वन र जैविक विविधता

लेकवेशी नगरपालिकामा ३७ वटा सामुदायिक वन रहेका छन । नगरपालिकाको ९९२१.१९ हेक्टर क्षेत्रफल सामुदायिक वनले ओगटेको छ । प्रत्येक वडामा चरनका लागि घाँसे मैदान रहेका छन । वन उपभोक्ता समूह भित्रका घरपरिवारहरुले आलोपालो आधारमा सामुदायिक वनको अनुगमन, संरक्षण गर्ने चलन रहेको छ ।

वन क्षेत्र सम्बन्धी विवरण

तालिका २.३ : लेकवेशी नगरपालिकाको वन क्षेत्र सम्बन्धी विवरण

वडा नं.	क्रं सं.	सामुदायिक वनहरुको विवरण	क्षेत्रफल हे.	लाभान्वित घरधूरी	महिला	पुरुष	जम्मा
१	१	शहिद वन उपभोक्ता समिति	२०२.२	२६०	६५३	६३७	१२९०
	२	जनचेतना वन उपभोक्ता समिति	५०	२१०	५७८	३१९	८९७
	३	सिदार्थ वन उपभोक्ता समिति	२१.८४	६६	२०३	२३०	४३३
	४	पार्बती महिला वन उपभोक्ता समिति	२८	२४४	७१९	६५१	१३७०
	५	शिवालय वन उपभोक्ता समिति	७४.९२	२७०	७४५	७४०	१४८५
	६	कन्या सल्लेरी वन उपभोक्ता समिति	११४	७४	१९९	२१०	४०९
२	७	इन्द्रकालिका वन उपभोक्ता समिति	९३.६	१५५	३३६	५८२	९१८
	८	खहरे रेलडाँडा वन उपभोक्ता समिति	२७	२०७	५९२	५९०	११८२
३	९	गंगमाला वन उपभोक्ता समिति	२४४.५	२३७	६३६	५८२	९१८
४	१०	तालपोखरी वन उपभोक्ता समिति	९३.६	९७	३१५	३१५	६३०
५	११	कृष्ण चिउरी भिर वन उपभोक्ता समिति	४५००	४८	१२३	१२३	२४६
	१२	देउती बज्यै वन उपभोक्ता समिति	२३६.५	१२७	४२९	३८८	८१७
	१३	बाघखोर वन उपभोक्ता समिति	९८.८९	१३९	१८४	१९३	३७७
	१४	सरस्वती महिला वन उपभोक्ता	१४५	१२३	४३५	४०१	८३६

Safe Engineering Consultancy Pvt. Ltd.
Shankhamul-34, Kathmandu

Scanned with CamScanner

अनुसूचीहरु

अनुसूची : १ (लेकवेशी नगरपालिकाको भू-उपयोग मापदण्ड, २०७९)

लेकवेशी नगरपालिकाको
भू-उपयोग मापदण्ड, २०७९

१३ औं कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०७९/१०/०४

प्रमाणीकरण गर्नेः
श्री उमेश कुमार पौडेल
(नगर प्रमुख)

दस्तखतः

कार्यपालिका बैठकमा पेश भएको मितिः २०७९/१०/०४
कार्यपालिका बैठकबाट स्वीकृत भएको मितिः २०७९/१०/०४
प्रमाणीकरण भएको मितिः २०७९/१०/१०

लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत
कर्णाली प्रदेश
नेपाल

Safe Engineering Consultancy Pvt. Ltd.
Shankhamul-34, Kathmandu
Scanned with CamScanner

प्रमाणीकरण गर्ने:
श्री उमेश कुमार पौडेल
(नगर प्रमुख)
दस्तखत:

कार्यपालिका बैठक नं. १३
निर्णय मिति: २०७९/१०/०४
प्रमाणिकरण मिति: २०७९/१०/१५

लेकवेशी नगरपालिकाको भू-उपयोग मापदण्ड, २०७९

प्रस्तावना :

भूमिको दैध स्थायीत्व अन्त्य, जग्गाको हक सम्बन्धी व्यवस्थापन, भूमिको क्षमता तथा उपयुक्तता र उपयोगिता, भूमिको मौजुदा उपयोग र आवश्यकताका आधारमा भूमिको जोखिम, जटिल प्राकृतिक बनोट समेतलाई व्यवस्थित गराई भू-उपयोगमा व्यवस्थित खण्डिकरण रोकथाम र सुदृढिकरण, आधुनिकीकरण गर्दै जान वाञ्छनिय भएकोले प्रशासकिय नियमित गर्ने ऐन, २०७५ को दफा ४ (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम मिति २०७९/१०/०४ गते बसेको लेकवेशी नगर कार्यपालिका एवं स्थानीय भू-उपयोग परिषद्को बैठकबाट यो मापदण्ड पारित गरी लागू गरिएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> :

(क) यस मापदण्डको नाम "लेकवेशी नगरपालिकाको भू-उपयोग मापदण्ड, २०७९" रहेको छ ।

(ख) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "नगरपालिका" भन्नाले लेकवेशी नगरपालिका सम्झनुपर्छ ।

(ख) "मापदण्ड" भन्नाले लेकवेशी नगर कार्यपालिकाको कार्यालय, लेकवेशी नगरपालिका, सुर्खेतबाट स्वीकृत मापदण्डलाई जनाउने छ ।

(ग) "प्लटिङ्ग" भन्नाले जग्गालाई आवासीय, व्यापारिक वा अन्य निर्माण कार्यमा प्रयोग ल्याउने प्रक्रिया र त्यससँग सम्बन्धित सबै कार्यलाई जनाउने छ ।

(घ) "जग्गा" भन्नाले घर, बाग-बगैचा, रुख, कारखाना, ताल, पोखरी इत्यादी भएको समेत सबै किसिमको जमिनलाई सम्झनुपर्छ ।

(ङ) "जग्गावाला" भन्नाले प्रचलित कानून बमोजिम जग्गामा जग्गाधनी हक हुने व्यक्ति तथा निकायलाई सम्झनुपर्छ ।

(च) "कार्यपालिका" भन्नाले नगर कार्यपालिकाको कार्यालय, लेकवेशी नगरपालिका सम्झनु पर्छ ।

(छ) "सदस्य" भन्नाले नगर कार्यपालिकाको सदस्यलाई सम्झनुपर्छ ।

(ज) "अनुगमन समिति" भन्नाले यसै मापदण्ड अनुसार गठन गरिएको अनुगमन समितिलाई जनाउनेछ ।

(झ) "विषयगत शाखा" भन्नाले यस मापदण्ड अनुसार तोकिएको विषयगत शाखालाई जनाउनेछ ।

Safe Engineering Consultancy Pvt. Ltd.

Scanned with CamScanner

(ज) "संयोजक" भन्नाले यस मापदण्ड बमोजिम गठित समितिको संयोजक सम्झनुपर्छ ।

(ट) "कित्ताकाट" भन्नाले जग्गा बिक्री प्रयोजनको लागि मालपोत कार्यालयबाट अधिकारिक रुपमा दिईएको कागजातलाई सम्झनु पर्छ ।

(ठ) "सिफारिस" भन्नाले नगरपालिकाबाट प्रचलित कानुनको अधिनमा रही लिखित रुपमा दिईएको जग्गा विकास र कित्ताबाट सम्बन्धित कागजात सम्झनुपर्छ ।

(ड) "जग्गा विकास" भन्नाले साविकको जग्गाको स्वरूप परिवर्तन गरी आवासीय, व्यापारिक वा अन्य निर्माण कार्यमा प्रयोगमा ल्याउने प्रक्रियालाई सम्झनुपर्छ ।

(ढ) "खेतीयोग्य जग्गा" फिल्डबुकमा कृषि क्षेत्रको किसिम कायम भएका कित्ता जग्गाहरु वा फिल्डबुकमा अब्वल, दोयम, सिम, चहार भनी परिभाषित गरिएता पनि लेकवेशी नगरपालिकाले जग्गाको मौजुदा अवस्था र निर्धारित अन्य मापदण्डको आधारमा खेतीयोग्य जग्गाभनी निर्धारण गरेको कित्ता समेतको जग्गाहरुलाई सम्झनुपर्छ ।

(ण) "जग्गा उपयोगिता विश्लेषण प्राविधिक-समिति" भन्नाले नगरपालिका द्वारा गठित जग्गा उपयोगिता विश्लेषण प्राविधिक समितिलाई सम्झनुपर्नेछ ।

(त) "सडक मापदण्ड" भन्नाले नगरपालिकाबाट स्वीकृत भएको सडक मापदण्ड सम्झनुपर्छ ।

३. <u>भू-उपयोग मापदण्ड निर्धारणका आधारहरु</u>

(क) विद्यमान भू-उपयोगको अवस्था,

(ख) नापी विभागले पठाएको भू-उपयोग क्षेत्र वर्गीकरणको तथ्याङ्क

(ग) सडक, बाटोको पहुँच र सो को वर्गीकरण,

(घ) कृषि उत्पादन र उत्पादकत्वको अवस्था,

(ङ) वातावरण तथा विपद् संवेदनशीलता,

(च) भू-उपयोग ऐन, २०७६,

(छ) भू-उपयोग नियमावली, २०७९,

(ज) सामाजिक तथा आर्थिक पूर्वाधारको वितरण,

(झ) सहरी विकास योजना/आयोजना,

(ञ) Google Satellite Images,

(ट) GIS Analysis

(ठ) वडाबाट आएको राय सुझाव,

(ड) विभिन्न क्षेत्रका विज्ञहरु र सर्वदलीय, सर्वपक्षीय भेलाबाट प्राप्त राय सुझाव ।

४. भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि मापदण्डहरु तथा आधारहरुः

१. हालको उपयोगमा रहेको जग्गालाई यस मापदण्ड उल्लेख भएकोमा भन्दा बाहेक नापी विभागबाट हस्तान्तरण भएको वर्गीकृत भू-उपयोग क्षेत्र बमोजिम नै वर्गीकरण गर्ने ।

२. जोखिम लगायत अन्य संवेदनशील क्षेत्रको जग्गालाई नापी विभागबाट हस्तान्तरण भएको वर्गीकृत भू-उपयोग क्षेत्र बमोजिम नै वर्गीकरण गर्ने ।

Safe Engineering Consultancy Pvt. Ltd.
Shankhamul-34, Kathmandu

Scanned with CamScanner

			✓ मिल डाडा चोकको उत्तर दक्षिण १००/१०० मि.को क्षेत्र ✓ यज्ञ सर्वुचाको घरदेखि तस बहादुर दमाईको घरसम्म (पुरानो मुलबाटो) को दायाँ बायाँ ५०/५० मि. को क्षेत्र ।	
	२	आवासीय क्षेत्र	✓ लेकवेशी १ नं. वडा को भित्री तथा सहायक सडक खण्डको दायाँ बायाँ ३० /३० मि. को क्षेत्र ।	
	३	कृषि क्षेत्र	✓ बाँकि सबै भू-भाग कृषि क्षेत्र ।	
	४	औद्योगिक क्षेत्र		
	५	सार्वजनिक क्षेत्र		
	६	पर्यटकीय तथा पुरातात्विक क्षेत्र		
	७	वन क्षेत्र		
	८	नदी तथा खोला क्षेत्र		
	९	शहरी क्षेत्र		
	१०	अन्य क्षेत्र		
२	१	व्यावसायिक क्षेत्र	✓ मदन भण्डारी राजमार्गमा पार्ने सोरठी चोक देखि उत्तर लेखगाउँ-दह जोड्ने सडक खण्डको दायाँ बायाँ ३०/३० मिटर सम्मको क्षेत्र ।	
	२	आवासीय क्षेत्र	✓ चौराह चोक पूर्व गुर्भाकोट जोड्ने पश्चिम त्रिवेणी चोक सडक खण्डको दायाँ बायाँ ३०/३० मिटर सम्मको क्षेत्र । ✓ सिद्धार्थ चोक पूर्व गुर्भाकोट, पश्चिम वडा नं.१ जोड्ने सडक खण्डको दायाँ बायाँ ३०/३० मिटर को क्षेत्र ✓ घले चोक देखि त्रिवेणी चोक सम्मको सडक खण्डको दायाँ बायाँ ३०/३० मिटर सम्मको क्षेत्र ✓ कालिका चोक देखि वडा नं. १ जोड्ने सडक खण्डको दायाँ बायाँ ३०/३० मिटर सम्मको क्षेत्र	

उमेश कुमार पौडेल
नगर प्रमुख

Safe Engineering Consultancy Pvt. Ltd.
Shankhamul-34, Kathmandu

Scanned with CamScanner

	४	औद्योगिक क्षेत्र		
	५	सार्वजनिक क्षेत्र		
	६	पर्यटकीय तथा पुरातात्विक क्षेत्र	✓ लेकवेशी नगरपालिका वडा नं. २ लेखगाउँ स्थित स्कुल डाँडा क्षेत्र ।	
	७	वन क्षेत्र		
	८	नदी तथा खोला क्षेत्र		
	९	शहरी क्षेत्र		
	१०	अन्य क्षेत्र		
३	१	व्यावसायिक क्षेत्र	✓ लेकवेशी नगरपालिकाको भू-उपयोग क्षेत्र अध्यावधिकका लागि तयार गरिएको मापदण्ड तथा आधारहरुको वुँदा नं. ११ ले भेट्ने क्षेत्र	
	२	आवासीय क्षेत्र	✓ लेकवेशी नगरपालिका-३ को खारपानी, ब्यौंवरे, पटारे, गोरामारे, राताटारका क्षेत्रमा रहेका ८ मि. चौडाई सहितका सहायक सडक को दायाँ वायाँ (सडक वाहेक) को ३० मि. क्षेत्र भित्र पर्ने जग्गा ✓ लेकवेशी नगरपालिकाको भू-उपयोग क्षेत्र अध्यावोधिकका लागि तयार गरिएको मापदण्ड तथा आधारहरुको बुदा नं.११ ले भेट्ने क्षेत्र	
	३	कृषि क्षेत्र	✓ लेकवेशी नगरपालिका-३ अन्तर्गत साविक दशरथपुर गा.वि.स.-१ का सबै क्षेत्र तथा साविक दशरथपुर -२ को धनेरी को सबै क्षेत्र ✓ खारपानी, ब्यौंवरे, पटारे, गोरामारे, राताटारका क्षेत्रमा रहेका ८ मि. चौडाई सहितका सहायक सडक दाया वायाँ (सडक वाहेक) को ३० मि.क्षेत्र भित्र पर्ने जग्गा वाहेक सबै जग्गा भएको क्षेत्र कृषि क्षेत्र ।	
	४	औद्योगिक क्षेत्र		
	५	सार्वजनिक क्षेत्र		
	६	पर्यटकीय तथा पुरातात्विक क्षेत्र	✓ दशरथपुर सहिद पार्क ✓ स्याउली बज़ार स्थित गंगामाला देउती बज्यै मन्दिर क्षेत्र	
	७	वन क्षेत्र	✓ भैसेदमार सामुदायिक वन	

Safe Engineering Consultancy Pvt. Ltd.
Shankhamul-34, Kathmandu

Scanned with CamScanner

			✓ गंगामाला सामुदायिक वन ✓ साविक दशरथपुर स्थित राष्ट्रिय वन	
	८	नदी तथा खोला क्षेत्र	✓ कागते खोला क्षेत्र ✓ काप्रे खोला क्षेत्र ✓ स्याउली बजार खोला आदि	
	९	शहरी क्षेत्र		
	१०	अन्य क्षेत्र		
४	१	व्यावसायिक क्षेत्र	✓ दशरथपुर नेटा सडक खण्डको मिल चोक देखि गामखोला सम्म जाने बाटोको दायाँ बायाँ ५०/५० मिटर सम्मको क्षेत्र । ✓ सहिद चोक पश्चिम खोला देखि प्राथमिक स्वास्थ्य केन्द्रको पुर्वी सिमाना भित्र १०० मिटर सम्म र शिव मन्दिर, मिलनचोक, सहिदचोक रिडरोडको दायाँ बायाँ ५०/५० मिटर सम्मको क्षेत्र ।	
	२	आवासीय क्षेत्र	✓ तल्लो घुम्ने कुल्लीमोडको सबै क्षेत्र र यस वडा नं. ४ को भित्रि सहायक सडक खण्डको दायाँ बायाँ ३०/३० मिटर सम्मको क्षेत्र ।	
	३	कृषि क्षेत्र	✓ बाँकी सबै भू-भाग कृषि क्षेत्र ।	
	४	औद्योगिक क्षेत्र		
	५	सार्वजनिक क्षेत्र		
	६	पर्यटकीय तथा पुरातात्विक क्षेत्र		
	७	वन क्षेत्र		
	८	नदी तथा खोला क्षेत्र		
	९	शहरी क्षेत्र		
	१०	अन्य क्षेत्र		
५	१	व्यावसायिक क्षेत्र	✓ साविक नेटा गा.वि.स. वडा नं. ७ हाल लेकवेशी-५ को स्वास्थ्य चौकी भवन देखि नेटा पिपल चौतारा सम्मको दशरथपुर-नेटा-सिम्ता-दह सडक खण्डका दायाँ बायाँ १०० मिटर क्षेत्र भित्रका जग्गाहरु ।	

Safe Engineering Consultancy Pvt. Ltd.
Shankhamul, Kathmandu

Scanned with CamScanner

	२	आवासीय क्षेत्र	✓ साविक नेटा गा.वि.स. वडा नं. ७ हाल लेकवेशी - ५ को स्वास्थ्य चौकी भवन देखि नेटा पिपल चौतारा सम्मको दशरथपुर-नेटा-सिम्ता-दह सडक खण्डका दाया बायाँ ४०० मिटर क्षेत्र भित्र का जग्गाहरु	
	३	कृषि क्षेत्र	✓ श्रेस्ता कायम भएका बाँकी सबै क्षेत्रका जग्गाहरु	
	४	औद्योगिक क्षेत्र		
	५	सार्वजनिक क्षेत्र		
	६	पर्यटकीय तथा पुरातात्विक क्षेत्र	✓ मालिकाडाँडा, सिद्धेढुङ्गा, भोटेदरबार, सिसाखानी झरना, डाँडागाउँ मेला लाग्ने स्थल, देउराली डाँडा र तल्लो कँफलेनी गुफा	
	७	वन क्षेत्र		
	८	नदी तथा खोला क्षेत्र		
	९	शहरी क्षेत्र		
	१०	अन्य क्षेत्र		
६	१	व्यावसायिक क्षेत्र	✓ यस वडा क्षेत्र भित्र पर्न जाने मदन भण्डारी राजमार्गको दुवै साइड तर्फ ५०/५० मिटर ।	
	२	आवासीय क्षेत्र	✓ यस वडा क्षेत्रभित्रको सम्पूर्ण शाखा सडकको दुवै साइड तर्फ ३०/३० मिटर ।	
	३	कृषि क्षेत्र	✓ माथि उल्लेखित व्यावसायिक क्षेत्र र आवासीय क्षेत्र बाहेकको सम्पूर्ण बाँकी भू-भाग ।	
	४	औद्योगिक क्षेत्र		
	५	सार्वजनिक क्षेत्र		
	६	पर्यटकीय तथा पुरातात्विक क्षेत्र		
	७	वन क्षेत्र		
	८	नदी तथा खोला क्षेत्र		
	९	शहरी क्षेत्र		
	१०	अन्य क्षेत्र		
७	१	व्यावसायिक क्षेत्र		
	२	आवासीय क्षेत्र	✓ लवना देखि नेटा जोड्ने सडकको दायाँ बायाँ ५०/५० मिटर	

उमेश कुमार प्रधान
नगर प्रमुख

Safe Engineering Consultancy Pvt. Ltd.
Shankhamul-34, Kathmandu

Scanned with CamScanner

			✓ राटटाँडी देखि हिलेसोता सडक दायाँ बायाँ ३५/३५ मिटर ✓ चर्तिटोल देखि पिपले सडक, रास्कोट टोल देखि मैनापोखरी जोड्ने सडक, स्कुलटार देखि खैरनी खारे जोड्ने सडक, स्कुलटार देखि नेटा जोड्ने सडक, बन्दुके देखि सेतीबगर हुदै धनारी जोड्ने सडक, खारपानी-पाखापानी-बिश्रामथला जोड्ने सडक, स्कुल डाडा, तल्लो थोत्री, माथिल्लो थोत्री, धानबारी, सिस्नेरी, माझटोल, कच्चुरधारी सडक, छिताली देखि सिमलचौर जोड्ने सडक, छिताली कुइरे, टुडे जोड्ने सडक, गजधारी-धजावान्ने-टावर डाँडा जोड्ने सडक, बरडाँडा देखि कुइरे खोला सम्म जोड्ने सडकको दायाँ बायाँ २५/२५ मिटर र स्कुलटार सबै क्षेत्र आवासिय क्षेत्र ।	
	३	कृषि क्षेत्र	✓ बाँकी सबै भु-भाग कृषि क्षेत्र ।	
	४	औद्योगिक क्षेत्र	✓	
	५	सार्वजनिक क्षेत्र	✓ गोलखाल्टाको तल्लो चौतारा र माथिल्लो चौतारा, विश्रामथला पिपल चौतारा, सिस्नेरी मन्दिर डाँडा, जुम्लिबास, मैनापोखरी पिपल चौतारा, बाघधुलो डाँडा, विद्यालयहरु	
	६	पर्यटकीय तथा पुरातात्विक क्षेत्र	✓ माइस्थान डाँडा, लवना मन्दिर, वि.सी टोल मन्दिर, रावत डाँडा मन्दिर	
	७	वन क्षेत्र		
	८	नदी तथा खोला क्षेत्र	✓ चिङ्गाड खोलाको लेकवेशी - ७ को क्षेत्रभरि ७५ मिटर, ✓ थोत्री, छिताली खोला १० मिटर क्षेत्र, ✓ कुइरे खोला २० मिटर, ✓ भेरी नदि लेकवेशी - ७ ले छुने क्षेत्रमा ३०० मिटर र धारापानीमा सिमसार क्षेत्र ।	
	९	शहरी क्षेत्र		
	१०	अन्य क्षेत्र		
८	१	व्यावसायिक क्षेत्र	✓ कुइनेपानी चोकबाट १०० मिटर वरिपरिको क्षेत्र	

Safe Engineering Consultancy Pvt. Ltd.
Shankhamul-34, Kathmandu

Scanned with CamScanner

	२	आवासीय क्षेत्र	✓ कोलखोला नारजले कुइनेपानी को सडक देखि ३० मिटर दायाँबायाँ, ✓ कुइनेपानी, गन्नेपानी, कोलखोला सडक देखि ३० मिटर दायाँबायाँ सम्म आवासिय क्षेत्र ।	
	३	कृषि क्षेत्र	✓ बाँकी सबै भू-भाग कृषि क्षेत्र ।	
	४	औद्योगिक क्षेत्र		
	५	सार्वजनिक क्षेत्र	✓ वडा नं. ८ को वडा कार्यालय को नाममा दर्ता कायम रहेको कुइनेपानी आरनटुँडा सडक देखि उत्तर तर्फको १ कट्टा जग्गा साथै वडा कार्यालय र आधारभूत स्वास्थ सेवा केन्द्र वरिपरिको क्षेत्र, श्री ने.रा.आ.वि. कुइनेपानी, श्री जनज्योति आ.वि. आरनटुडा, श्री ने.रा.प्रा.वि. लामीडाँडा र श्री ने.रा.आ.वि. कोलखोलाको हाता भित्र रहेको क्षेत्र ।	
	६	पर्यटकीय तथा पुरातात्विक क्षेत्र	✓ थामडाँडा खेतियोग्य दर्ता जमिन बाहेक जग्गाको २०० मिटर देखि पूर्व तर्फ सबै पर्यटकीय क्षेत्र । ✓ गन्नेपानी स्थित अनुग्रह चर्च, लेकछेडा चर्च, आरनटुँडा चर्च, नारजले सदगुरू भवनले चर्चेको क्षेत्र	
	७	वन क्षेत्र		
	८	नदी तथा खोला क्षेत्र		
	९	शहरी क्षेत्र		
	१०	विपद् तथा जोखिम क्षेत्र	✓ चिङ्गाड खोला देखि ३० मिटर पर सम्म र कोलखोला देखि २० मिटर पर जोखिम क्षेत्र ।	
	११	अन्य क्षेत्र		
९	१	व्यावसायिक क्षेत्र	✓ पोखराभन्ज्याङ्ग तिनघरे सम्म मदन भण्डारी लिंक सडक ५०/५० मिटर । ✓ कालटाँडी निकास वरिपरी ५०/५० मिटर ✓ पोखरा भन्ज्याङ्ग - कालटाँडी - आरनटुँडा सडक दायाँबायाँ ५०/५० मिटर ✓ खाँडदेवी मन्दिर क्षेत्र वरिपरी ५० मिटर ✓ गंगटे बजारको भित्रि सडक, घाघसे सडक ✓ गंगटे बजार मदन भण्डारी लोकमार्ग दायाँ बायाँ १०० मिटर	

Safe Engineering Consultancy Pvt. Ltd.
Shankhamul-34, Kathmandu

Scanned with CamScanner

			✓ गंगटे-आरनडुंडा सडकको दायाँ बायाँ ५० मिटर क्रसर उद्योग सम्म	
	२	आवासीय क्षेत्र	✓ लामटाँडी सडक मदन भण्डारी लिंक रोड दायाँबायाँ ५० मिटर ✓ कालटाँडी बीच सडक दायाँ बायाँ ३०/३० मिटर ✓ कालटाँडी ज्यामिरे सडक दायाँ बायाँ ३०/३० मिटर ✓ लामटाँडी साझेचौर सडक दायाँ बायाँ ३०/३० मिटर ✓ पोखरा भन्ज्याङ्ग ज्यामिरचौर सडक दायाँ बायाँ ३०/३० मिटर ✓ राटटाँडी बीच सडक दायाँ बायाँ ३०/३० मिटर ✓ ढावा डाँडा बीच सडक दायाँ बायाँ ३०/३० मिटर ✓ धाइराधारी सडक सडक दायाँ बायाँ ३०/३० मिटर ✓ घट्टेडाडा मिल सडक दायाँ बायाँ ३०/३० मिटर ✓ पोखराभन्ज्याङ्ग पुर्वीटोल सडक दायाँ बायाँ ३०/३० मिटर ✓ विमल चोक देखि चौतारे सम्मको सडक दायाँ बायाँ ३०/३० मिटर ✓ कालटाँडी निकास देखि बाँसघारी सम्मको सडक दायाँ बायाँ ३०/३० मिटर ✓ चौरासे पुर्विटोल सडक, रानाटोल सडक, गोगनपानी सडक, चौरासे पश्चिम टोल सडक, बालकुमारी टोल सडक, चौरासे बीच सडक, वडा कार्यालयको दक्षिणतर्फ सडक दायाँ बायाँ ३०/३० मिटर ✓ गंगटे सिमदमार रुप्से सडकको दायाँ बायाँ ३०/३० मिटर र भित्रि सडकमा ३०/३० मिटर ✓ राटटाँडी देखि भित्रि कोलखोला सम्म जानेबाटो ३०/३० मिटर ✓ चौरासे घुचुके सडकको दायाँ बायाँ ३०/३० मिटर	

Safe Engineering Consultancy Pvt. Ltd.
Shankhamul-34, Kathmandu

Scanned with CamScanner

			✓ फुलबारी दमारगाउँ सडक दायाँ बायाँ ३०/३० मिटर ✓ कालटाँडी ज्यामिरे सडक दायाँ बायाँ ३०/३० मिटर
	३	कृषि क्षेत्र	✓ माथि उल्लेखित तोकिएको क्षेत्र बाहेक सबै क्षेत्र
	४	औद्योगिक क्षेत्र	
	५	सार्वजनिक क्षेत्र	
	६	पर्यटकीय तथा पुरातात्विक क्षेत्र	✓ गुम्बा क्षेत्र, फुलबारी गुफा, दुन्दुर खोला ✓ बाखेकोट चुलडाँडा
	७	वन क्षेत्र	
	८	नदी तथा खोला क्षेत्र	
	९	शहरी क्षेत्र	
	१०	अन्य क्षेत्र	
१०	१	व्यावसायिक क्षेत्र	✓ मदन भण्डारी राजमार्ग क्षेत्र ✓ भुतचोक-साटाफाँट-बेलबारी-टिमुरकोट हुदै गर्पन सडक क्षेत्र ✓ मछेलटार - लामिदमार - मैनडाँडा - टिमुरकोट सडक क्षेत्र
	२	आवासीय क्षेत्र	✓ माथि कृषि क्षेत्रमा उल्लेखित क्षेत्र साथै मदन भण्डारी राजमार्ग झुप्रा खोला वडीपाटि देखि खारखोला, चन्द्रपुर को १०० मिटर वरिपरी, ✓ वडीपाटि चन्द्रपुर सडकको ३० मिटर दायाँ बायाँ, ✓ झुप्रा खोला देखि साँटाफाट, चुनियापानी, बेलघारी टिमुरकोट सम्मको ३० मि दायाँ बायाँ, ✓ आलेढाप, दुबिचौर खारखोला, लादिममार डोटे हुदै मैनचुली सम्म ३० मि. दायाँ बायाँ, ✓ चिप्ले खोला लामिछाने टार जोत्रेसाल धबेन हुदै देवीडाँडा सम्म ३० मि, दायाँ बायाँ, ✓ साँटाफाट, पोखरी झुप्रा बागटार हुदै बनकुवा सम्म ३० मि दायाँ बायाँ क्षेत्र र सम्पूर्ण घर भएको क्षेत्र आदि ।

Safe Engineering Consultancy Pvt. Ltd.
Shankhamul-34, Kathmandu

Scanned with CamScanner

१६. खहरे खोला, कागते खोला, गमखोला, चिङ्गाड खोला, गंगटे खोला, राते खोला र झुप्रा खोला खोलाको River Change Pattern Analysis र Flood Risk Assessment गरि बहाव क्षेत्र पहिचान गरी जोखिम क्षेत्र छुट्याउने र भविष्यमा त्यसलाई कोरिडोर मार्गको स्थापना गर्ने र कोरिडोरको बाहिर ३० मिटर क्षेत्र आवासीय क्षेत्रको रुपमा विकसित गर्ने ।

१७. साविक नक्सा बमोजिम बगेको खोला क्षेत्रलाई नक्सा बमोजिम कै खोला क्षेत्र र धार परिवर्तन गरी बगेको खोलालाई समेत खोला क्षेत्रमा नै वर्गिकरण गरिनेछ ।

१८. व्यावसायिक तथा आवास क्षेत्र बाहेकका छरिएर रहेका घरधुरिलाई उपयुक्तता विश्लेषण (Suitability Analysis) गरि एकिकृत गर्ने र बाहिरबाट बसाईसराई गरेर आउनेहरुलाई उपयुक्त हुने गरी उचित ठौंउ छानेर सम्पुर्ण सेवासुविधा पुर्याई नमुना बस्ती बिस्तार गर्ने र पर्यटकिय गन्तव्य (Tourism Destination) को रुपमा अघि बढाउने र बाँकी क्षेत्रमा Large Scale मा मासु तथा अन्य कृषि उत्पादनमा जोड गरी कृषि र पशुपालन पकेट क्षेत्र कायम गर्ने ।

१९. माथि जे जस्तो कुरा लेखिएता पनि Flood Risk Assessment पछि आएको Data जोखिम देखाएको क्षेत्र र अन्य दलदल क्षेत्रमा बासोबासमा प्रतिबन्ध लगाउन सकिनेछ।

२०. हैसियत बिग्रेको वन क्षेत्रलाई Suitability Analysis गरि नगरपालिकाले अध्ययन गरेर पुर्वाधार विकास र सुकुम्बासी समस्या समाधानको लागि बस्ती विकासको योजना बनाइ प्रयोग गर्ने नीति लिइनेछ ।

२१. साविक नापी नक्साले चर्चेको खोला बाहिर र धार परिवर्तन गरेको खोलाको क्षेत्र बाहिर जमिनको प्रकृति अनुसार कृषि र गैरकृषि क्षेत्र विभाजन गरिनेछ ।

२२. कृषि/गैरकृषि क्षेत्र व्यक्तिको जग्गाधनी दर्ता प्रमाण पूर्जामा प्रविष्ट कित्तानापीमा आधारित गरिने भएकोले zoning मार्जिनमा परेको जुन कित्ता पुरा क्षेत्रफलको ५० प्रतिशत भन्दा माथि परेको हुन्छ सोहि बमोजिम क्षेत्र कायम गरिनेछ ।

२३. पुर्णरुपमा मापदण्ड बमोजिम लगत कट्टा नभएका सडकहरुको हकमा सडक मापदण्ड बमोजिम छ/छैन फिल्ड निरिक्षण गरेर मात्र कित्ताकाट सिफारिस गर्ने ।

२४. हाल नक्सा पास भएर बनिसकेका घरहरु, नँया थपिएका बाटोघाटो र अन्य क्षेत्रहरु जो माथि उल्लेखित बुँदाहरुले समावेश हुन सकेका छैनन्, त्यस्तो सम्पुर्ण क्षेत्रहरु Field Survey गरि आएको Image लाई Digitized गरि नापी विभागले दिएको GIS Data मा Update गरिने छ र भू-उपयोग क्षेत्रको अन्तिम नक्सा तयार हुने छ ।

२५. यो नीति र मापदण्ड पुरानो भू-उपयोग क्षेत्रको डाटा हेरी तयार गरिएको हुनाले Field Survey बाट आएको result को अनुसार तयार गरिएको भू-उपयोग क्षेत्रको वर्गीकरण भू-उपयोग परिषद्ले अनुमोदन गर्नुपर्नेछ ।

२६. यो मापदण्ड तथा आधारहरु, लेकवेशी नगरपालिकाको जोखिम संवेदनशिल भू-उपयोग नीति, २०७८, भू-उपयोग ऐन, २०७६, भू-उपयोग नियमावली, २०७९ को आधारमा लेकवेशी नगरपालिकालाई व्यवस्थित गर्नका लागि नापी विभागले दिएको डाटालई GIS System को माध्यममा अद्यावधिक गर्नका निम्ति नगरपालिकाले आवश्यक पहल गर्नेछ ।

२७. लेकवेशी नगरपालिकाको मुख्य सडक र सहायक सडकको मापदण्ड तपसिल बमोजिम हुनेछः

(१) लेकवेशी नगरपालिका वडा नं. ४ को रामघाट पुल देखि गमखोला हुँदै नेटा जोड्ने सडकको केन्द्रविन्दु देखि ५/५ मिटर दायाँ बायाँ सडक र सेट ब्याक २ मिटर ।

Safe Engineering Consultancy Pvt. Ltd.
Shankhamul-34, Kathmandu

(२) लेकवेशी नगरपालिका वडा नं. २ को सोरठी चोक देखि फर्सा हुँदै लेखगाउँ जोड्ने सडकको केन्द्रविन्दु देखि ५/५ मिटर दायाँ बायाँ सडक र सेट ब्याक २ मिटर ।

(३) लेकवेशी नगरपालिका वडा नं. १ को जहरे देखि मिलडाँडा हुँदै धाव, गमखोला जोड्ने राडकको केन्द्रविन्दु देखि ५/५ मिटर दायाँ बायाँ सडक र सेट ब्याक २ मिटर ।

(४) लेकवेशी नगरपालिका वडा नं. १० को साटाखानी, टिमुरकोट जोड्ने सडकको केन्द्रविन्दु देखि केन्द्रविन्दु देखि ५/५ मिटर दायाँ बायाँ सडक र सेट ब्याक २ मिटर ।

(५) लेकवेशी नगरपालिका वडा नं. ९ को चौरासे हुँदै बाखेकोट जोड्ने सडकको केन्द्रविन्दु देखि ४/४ मिटर दायाँ बायाँ सडक र सेट ब्याक २ मिटर ।

(६) लेकवेशी नगरपालिका वडा नं. ८ को गंगटे बजार, कुइनेपानी हुँदै आरनटुँडा जोड्ने सडकको केन्द्रविन्दु देखि ६/६ मिटर दायाँ बायाँ सडक र सेट ब्याक २ मिटर ।

(७) लेकवेशी नगरपालिका वडा नं. ७ को लवना, स्मत्तले हुँदै नेटा जोड्ने सडकको केन्द्रविन्दु देखि केन्द्रविन्दु देखि ५/५ मिटर दायाँ बायाँ सडक र सेट ब्याक २ मिटर ।

(८) लेकवेशी नगरपालिका वडा नं. ६ को कल्पना चोक, रानागाउँ हुँदै नेटा जोड्ने सडकको केन्द्रविन्दु देखि ५/५ मिटर दायाँ बायाँ सडक र सेट ब्याक २ मिटर ।

(९) लेकवेशी नगरपालिका वडा नं. ३ को पिपल चौतारा, रातटार हुँदै पितेडाँडा जोड्ने सडकको केन्द्रविन्दु देखि ४/४ मिटर दायाँ बायाँ सडक र सेट ब्याक २ मिटर ।

उमेश कुमार पौडेल
नगर प्रमुख

भू-उपयोग

Safe Engineering Consultancy Pvt. Ltd.
Shanthamul-34, Kathmandu

Scanned with CamScanner

अनुसूची : २ : (भू-उपयोग नक्सा)



चित्र : अद्यावधिक गरिए पछिको भू-उपयोग क्षेत्र नक्सा

Safe Engineering Consultancy Pvt. Ltd.
Shankhamul-34, Kathmandu
Scanned with CamScanner